जि.प्र.का. दर्ता नं. २८९।०५९।०६०
समाज कल्याण परिषद् आबद्धता नं. १७७२३

# मार्टिन चौतारी

## वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७१/७२

२०७२ असोज ११

# वैधानिक र प्रशासनिक जानकारी

| | |
|---|---|
| संस्थाको नाम | मार्टिन चौतारी |
| जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता | २८९।०५९।०६० |
| समाज कल्याण परिषदमा आबद्धता | १७७२३ |

कार्यसमिति

| | |
|---|---|
| अध्यक्ष | योगेश राम मिश्र |
| सचिव | मधुसूदन सुवेदी |
| कोषाध्यक्ष | सृजना सुब्बा |
| सदस्य | कुमार पाण्डे |
| | कृष्णप्रसाद अधिकारी |
| | सुशील मैनाली |

| | |
|---|---|
| कार्यालय | २७ जीतजङ्ग मार्ग, थापाथली<br>पोष्टबक्स १३४७०<br>काठमाडौं, नेपाल |
| लेखापरीक्षक | सि.ए. नवराज थपलिया एन्ड एशोशियट्स<br>महाराजगञ्ज, काठमाडौं<br>नेपाल |

मार्टिन चौतारी

विषय सूची


४ पृष्ठभूमि

४ छलफल र प्रसार
४ चौतारी छलफल श्रृङ्खला
५ प्रकाशन
७ मार्टिन चौतारी पुस्तकालय

१० अनुसन्धान
१० राजनीतिक प्रवाह-पथः लोकतन्त्र र शासन पद्धति
१० ज्ञान उत्पादन र वितरण
१६ भौतिक रूपान्तरण

१८ प्रशासन
१८ प्रशासन तथा वित्त
२१ अनुगमन तथा मूल्यांकन
२२ जनसम्पर्क र साझेदारी

२३ अनुसूची

## पृष्ठभूमि

मार्टिन चौतारी अनौपचारिक छलफल समूहका रूपमा ०४८ को मध्यतिर स्थापना भएको हो। त्यो छलफलको मुख्य प्रयोजन ०४६ को परिवर्तनपछि विकासका कार्यक्रमले नेपाली समाजमा ल्याउन थालेको हलचल ठम्याउनु रहेको थियो। ०४९ साउनमा त्यो छलफल समूहका संस्थापक मध्येका एक र ०४६ को परिव्रतनबारे रचिएको पुस्तक *स्प्रिङ्ग अवेक्अनिङ्* (वसन्त जागरण) का सहलेखक इतिहासविद् मार्टिन हफ्टनको एउटा जहाज दुर्घटनामा मृत्यु भयो। ०५२ तिर उनै मार्टिनको सम्झनामा छलफल समूहलाई मार्टिन चौतारी भन्न थालियो। पछि सामाजिक विकास तथा अनुसन्धान केन्द्रको व्यवस्थापनमा छ वर्षसम्म मार्टिन चौतारी सञ्चालित रह्यो। ०६१ मा आएर मार्टिन चौतारी एउटा गैरसरकारी संस्थाको रूपमा काठमाडौंमा  विधिवत् दर्ता गरियो।

चौतारीको स्थापनादेखि नै यसको प्रमुख उद्देश्य नेपाली सार्वजनिक वृत्तको विस्तार र विकास गर्नु रह्यो। त्यसको लागि नयाँ र सान्दर्भिक ज्ञानको उत्पादन र वितरण, सुसूचित सार्वजनिक संवाद र बहसको अवसरको सिर्जना र त्यस्ता गुणस्तरीय बहससम्म आम नेपालीको पहुँच सुनिश्चित गर्नु उत्तिकै महत्त्वपूर्ण हुन्छ। शुरुआती दिनमा सार्वजनिक बहस गर्ने थलोको रूपमा रहे पनि चौतारी क्रमशः अनुसन्धान, नीति विश्लेषण र प्रकाशनमा सक्रिय हुन थाल्यो। यसले आफूलाई प्राज्ञिक संस्थाको रूपमा हेर्ने गरेको छ। विधानअनुसार यसको गतिविधिक्षेत्र नेपालभरी हो। यसका क्रियाकलाप केन्द्र र मोफसलबीच रहेको असमान सार्वजनिक वृत्तलाई फराकिलो र समावेशी बनाउने साथै नेपाली समाजमा रहेका विभिन्नखाले विभेद र बहिष्करणलाई हटाउनेतर्फ केन्द्रित छन्।

चौतारीले गर्ने पाँचै ओटा काम छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय सञ्चालन, एकआपसमा अन्तरसम्बन्धित छन्। यो मार्टिन चौतारीको २०७१ साउन १ देखि २०७२ असार ३१ तदनुसार १७ जुलाई २०१४ देखि १६ जुलाई २०१५ सम्म मार्टिन चौतारीका गतिविधिका विवरण समेटिएको प्रतिवेदन हो।

## १। छलफल र प्रसार

### १.१। चौतारी छलफल श्रृङ्खला

मार्टिन चौतारीमा सातामा दुइ दिन (आइतबार र मंगलबार) विभिन्न विषयमा छलफल हुन्छ। आ.व. २०७१/७२ मा मार्टिन चौतारीको सभाकक्षमा ८१ ओटा नियमित, ५ अतिरिक्त र ५ ओटा युनिभर्सल कनेक्टिभिटीसम्बन्धी विशेष गरी जम्मा ९१ ओटा छलफल सम्पन्न भए (हेर्नुहोस् अनुसूची १)। यो आर्थिक वर्षमा सार्वजनिक विदा, उपत्यका बन्द र चौतारीमा आयोजित विशेष सम्मेलन, सेमिनार तथा कार्यक्रमले गर्दा २३ ओटा नियमित छलफल हुन सकेन।

आइतबार हुने छलफल प्राज्ञिक र नीतिगत अनुसन्धानमा आधारित हुन्छन् भने मंगलबार समसामयिक विषयमा र मिडियासम्बन्धी छलफल गरिन्छ। यो आ.व.मा जम्मा ४१ ओटा आइतबारे छलफल सम्पन्न भए। ११ ओटा आइतबारे छलफल सार्वजनिक विदा, नेपाल बन्द, महाभुकम्प र चौतारीमा आयोजित विशेष कार्यक्रमका कारण हुन सकेनन्। यो आ.व.मा जम्मा ४० ओटा नियमित मंगलबारे छलफल भए। माथि उल्लेखित विविध कारणले १२ ओटा मंगलबारे छलफल हुन सकेनन्। नियमित छलफलबाहेक यो आ.व.मा कला तथा अतिरिक्त छलफल गरी अरू ५ ओटा छलफल पनि सम्पन्न भए।

यसै आर्थिक वर्ष जुन महिनादेखि सामाजिक प्रतिरक्षा प्रविधि अनुसन्धान केन्द्र, नेपाल इन्जिनियरिङ कलेज (सिआरएसडिटि/नेक) सँगको सहकार्यमा युनिभर्सल कनेक्टिभिटी मासिक छलफल शृंखलाअन्तर्गत जम्मा पाँच ओटा छलफल भए। गत आ.व.देखि शुक्रबार गर्दिँदै आएको युनिभर्सल कनेक्टिभिटी २०७२ असारबाट मंगलबार सारिएको छ भने मेन्टल हेल्थ फाउन्डेसनको सहकार्यमा सुरु भएको मानसिक स्वास्थ्यसम्बन्धी मंगलबारे छलफल निरन्तर रह्यो। यो आर्थिक वर्षका छलफलमा जम्मा १३० जना मुख्य वक्ताको रूपमा सहभागी भए। तीमध्ये ९० जना (६९ प्रतिशत) पुरुष र ४० जना (३१ प्रतिशत) महिला थिए। चौतारीमा हुने नियमित छलफललाई लैंगिक दृष्टिले सन्तुलित बनाउने प्रयासस्वरूप अघिल्ला वर्षमा झैं यो आर्थिक वर्षको फागुन/चैत (मार्च २०१५) महिनाभर महिला वक्ता नै हुनुपर्ने नियम

लागू गरियो। मार्च महिनाभरको सो छलफल महिलावादी दृष्टिकोण राखी काम गर्ने संस्था 'चौखट' सँगको सहकार्यमा सम्पन्न गरियो।

यो आ.व.मा २,४२७ जनाले चौतारीका नियमित छलफलमा भाग लिए। गत आ.व.को तुलनामा यो संख्या १४१ जनाले कम हो। यो वर्ष छलफलको संख्या नै गत वर्षभन्दा झन्डै एक दर्जन कम भएकोले सहभागीको संख्या त्यही अनुपातमा घटेको देखिन्छ। नियमित छलफलमा भाग लिन आउने सहभागीहरूले उपस्थिति रजिस्टरमा दर्ता गराएको संख्या गनेर यो संख्या निस्केको हो। सबै सहभागीले रजिस्टरमा नाम नलेख्ने भएकाले वास्तविक सहभागी केही बढी थिए भन्न सकिन्छ।

सम्मेलन, सेमिनार, कार्यशाला र विशेष छलफल

चौतारीले यो आ.व.मा सेमिनार, कार्यशाला र अन्य छलफलसमेत गरी १२ ओटा विशेष कार्यक्रम आयोजना ग-यो। तीमध्ये ४ ओटा कार्यक्रम काठमाडौंबाहिर भएका थिए। विशेष कार्यक्रममध्ये ६ ओटा अरु संस्था र विश्वविद्यालयसँगको सहकार्यमा आयोजना गरिएको थियो। बाँकी ६ ओटा मार्टिन चौतारी आफैले आयोजना गरेको थियो (हेर्नुहोस् अनुसूची २)। पाँचौं युवा अनुसन्धान सम्मेलन २०७१ पुस २० मा मार्टिन चौतारीको सभाहलमा सम्पन्न भयो। यो सम्मेलन आयोजना गर्नुको उद्देश्य समाज विज्ञानमा युवा अनुसन्धाताहरूको उपस्थितिलाई प्रोत्साहन गर्ने र समसामयिक सामाजिक-राजनीतिक बहसमा युवाहरूको आवाज बुलन्द गर्ने थियो। यो सम्मेलनमा विभिन्न विषयका ९ ओटा अनुसन्धान कार्यपत्र प्रस्तुत भए (हेर्नुहोस् अनुसूची ३)। सम्मेलनमा समाज विज्ञानसम्बन्धी अनुसन्धानमा चासो राख्ने युवा पुस्ताका करिब ९० जना सहभागी थिए।

१.२। प्रकाशन

यो आ.व.मा निम्न पुस्तक, जर्नल र नीतिपत्र प्रकाशन गरिएः

१. *Power for Nepal: Odd Hoftun and the History of Hydropower Development* by Peter Svalheim, translated by Katherine Parent (2015, Chautari Book Series 84).
२. *Studies in Nepali History and Society,* Vol 18, No 1, Pratyoush Onta, Mark Liechty, Seira Tamang, Tatsuro Fujikura, Lokranjan Parajuli and Yogesh Raj, eds.
३. *Studies in Nepali History and Society,* Vol 18, No 2, Pratyoush Onta, Mark Liechty, Seira Tamang, Tatsuro Fujikura, Lokranjan Parajuli and Yogesh Raj, eds.
४. *Studies in Nepali History and Society,* Vol 19, No 1, Pratyoush Onta, Mark Liechty, Seira Tamang, Tatsuro Fujikura, Lokranjan Parajuli and Yogesh Raj, eds.
५. जानकारी पत्र ११ः संविधानसभा २ मा उपस्थिति र प्रकृया (असोज २०७१)।
६. शोध-संक्षेप १२ः नेपालमा र्सव-संयोजकतासम्बन्धी नीतिको समीक्षा (चैत २०७१)।
७. नीति समीक्षा पत्र १३ः प्रस्तावित उच्च शिक्षा नीति (पुस २०७१)।
८. जानकारी पत्र १४ः त्रिवि 'टुक्र्याएर' नयाँ विश्वविद्यालय बनाउँदाका जटिलता (चैत २०७१)।
९. शोध-संक्षेप १५ः नेपालमा सर्व-संयोजकताका सरोकारवालाहरू (वैशाख २०७२)।

यो आर्थिक वर्ष जम्मा एउटा पुस्तक र सिन्हास जर्नलका दुइ अंक प्रकाशन हुन सके। त्यसबाहेक यो आ.व.मा पाँच ओटा नीतिपत्र, शोध-संक्षेप या जानकारी पत्र प्रकाशन गरिए। यो वर्ष प्रकाशन गर्ने योजना गरिएका केही पुस्तक विभिन्न कारणले गर्दा अर्को वर्ष धकेलिए। यो वर्ष प्रकाशन हुनुपर्ने *मिडिया अध्ययन*को दशौं अंक पनि अर्को आ.व.को सुरुमा मात्र प्रकाशन हुनेछ। स्मरणीय छ, *सिन्हास* जर्नलको सम्पादन र प्रि-प्रेससम्बन्धी सम्पूर्ण काम मार्टिन चौतारीमा गरिन्छ

तर प्रकाशन भने मण्डला बुक पोइन्टले गर्दै आएको हो। त्यस्तै वि.सं. २०७१ (अंक ९) देखि *मिडिया अध्ययन*को प्रकाशन भृकुटी एकेडेमिक पब्लिकेसन्सले गर्न थालेको हो।

निम्नलिखित पुस्तक, जर्नल तथा नीतिपत्रहरू भने यो वर्ष प्रकाशन गर्ने लक्ष्य राखिए पनि समयाभावका कारण आउँदो आ.व.का लागि स्थगित हुन पुगेका छन्ः

१. वि.सं. २०६७ र २०६८ मा प्रदान गरिएको उच्चशिक्षामा समावेशीकरणसम्बन्धी वृत्ति (फेलोसिप) मा संलग्न व्यक्तिहरूले तयार पारेका लेखहरूको सम्पादित पुस्तक। यो पुस्तकका विभिन्न लेखहरूको अन्तिम मस्यौदा प्राप्त भई सम्पादन सुरु भए पनि सम्पादकको समयाभावका कारण आ.व. २०६८-६९ देखि यो पुस्तक प्रकाशनको योजना स्थगित हुँदैआएको छ।
२. शैक्षिक संस्थाबाहिर ज्ञान उत्पादनको अवस्था (Knowledge Production beyond Academia) । यो पुस्तकका विभिन्न परिच्छेद सम्पादन तथा लेखकद्वारा परिमार्जनको प्रक्रियामा छन्।
३. नेपालमा भारतीय सहयोगमा निर्मित सडक निर्माणसम्बन्धी मोनोग्राफ लेखनको चरणमा छ।
४. नेपालमा भारतीय सहयोगमा निर्मित कोशी बराजसम्बन्धी मोनोग्राफ लेखनको चरणमा छ।
५. सिन्हास जर्नल १९(२) का लेख अन्तिम चरणमा छन्।
६. मिडिया अध्ययन १० का लेख अन्तिम चरणमा छन्।
७. नीतिपत्र १६ः त्रिभुवन विश्वविद्यालयको विकेन्द्रीकरणसम्बन्धी नीतिपत्र मस्यौदाको चरणमा छ ।

चौतारीले खास गरी अंग्रेजीमा तयार गर्ने पुस्तक आफैले प्रकाशन नगरी अन्तर्राष्ट्रीय र भारतीय प्रकाशकबाट गर्न प्रयास गर्ने निर्णयलाई कार्यान्वयन गरिँदैछ। चौतारी र सोआसको संयुक्त परियोजना *पब्लिक मिनिङ* अन्तर्गत प्रकाशन गरिने भनिएको पुस्तक विभिन्न चरणबाट गुज्री क्याम्ब्रिज युनिभर्सिटी प्रेसबाट प्रकाशन हुन लागेको छ। *सिन्हास* जर्नलमा प्रकाशित इतिहाससम्बन्धी लेखको संग्रह प्रकाशनका लागि रुटलेज प्रकाशन गृहले स्वीकृति प्रदान गरेको छ। सो पुस्तक सम्पादनको चरणमा छ। यही संस्थासँग चौतारीबाट तयार गरिएका अंग्रेजी पुस्तक प्रकाशन गर्ने सम्बन्धमा छलफल भैरहेको छ।

चौतारीले अनुसन्धान गरेका र तयार पारेका कतिपय सामग्री (खास गरी अनुसन्धान प्रतिवेदन र सन्दर्भसूची) मुद्रण नगरी वेबसाइटमा मात्र पनि प्रकाशन गर्ने गरिएको छ। यही आ.व.मा चौतारीको वेबसाइटमा राखिएका सन्दर्भसूची निम्नानुसार रहेका छन् ः

Budhathoki, Shak Bahadur and Ramita Maharjan. 2015. Bibliography of Nepali Scholarship on India. [version 1.0; 15 March]. http://www.martinchautari.org.np/files/BibliographyOfNepaliScholarshipOnIndia_15March2015.pdf

Budhathoki, Shak Bahadur, Ramita Maharjan and Pratyoush Onta. 2015. Bibliography of Indian Scholarship on Nepal. [version 1.0; 15 March]. http://www.martinchautari.org.np/files/BibliographyOfIndianScholarshipOnNepal_15March2015.pdf

Ghimire, Birat, Sambeg Panthi and Yogesh Raj. 2015. A Bibliography of Indian Contribution to the Infrastructure Development in Nepal: The Koshi Barrage and Tribhuvan Rajpath. [version 1.0; 15 March]. http://www.martinchautari.org.np/files/ABibliographyOfIndianContributionToTheInfrastructureDevelopmentInNepal.pdf

Maharjan, Harsha Man. 2015. Panchayati Vyavasthama Nepali Midiyasambandhi Lekhani: Ek Sandarbhasuchi [Writings on Nepali Media during Panchayat Period: A Bibliography]. [version 1.0; 03 April]. http://www.martinchautari.org.np/files/WritingsOnPanchayatMediaDuringPanchayatPerod_HarshaManMaharjan_2015.pdf

चौतारीले निकालेका पुस्तक वा यहाँबाट उत्पादित अनुसन्धानमूलक लेखहरू त्रि.वि. र मध्यपश्चिमाञ्चल विश्वविद्यालयका विभिन्न पाठ्यक्रममा स्रोत सामग्रीका रूपमा समावेश हुने क्रम बिस्तारै बढ्न थालेको छ । यद्यपि विश्वविद्यालयका पाठ्यक्रम वर्सेनि परिमार्जन नहुने भएकाले पनि गत वर्ष वा यस वर्ष प्रकाशित भएका सामग्री कुनै पाठ्यक्रममा समावेश भएको पाइएको छैन । हामीले अहिलेसम्म थाहा पाएकामध्ये त्रि.वि.को एमफिल समाजशास्त्र, एमफिल अंग्रेजी, एम.ए. समाजशास्त्र/मानवशास्त्रमा तथा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको बी.ए तथा एम.ए. तहको पाठ्यक्रममा पनि चौतारीबाट विगतमा प्रकाशित विभिन्न पुस्तकहरू पाठ्य सामग्री वा स्रोत सामग्रीका रूपमा राखिएका छन् (हेर्नुहोस् अनुसूची ४)।

## १.३। मार्टिन चौतारी पुस्तकालय

मार्टिन चौतारी पुस्तकालयमा २०७२ असारसम्ममा जम्मा २०,८५१ ओटा पुस्तक, थेसिस, अप्रकाशित प्रतिवेदन आदि सामग्रीहरू संकलित छन्। २०७१ साउन १ देखि २०७२ असार ३१ सम्ममा पुस्तकालयमा ६५० ओटा पुस्तक थपिएका छन्। यीमध्ये ४३४ ओटा किनिएका र बाँकी २१६ ओटा पुस्तक विभिन्न व्यक्ति तथा संस्थाबाट उपहारस्वरूप प्राप्त भएका हुन्। नेपालसँग सम्बन्धित पुराना पुस्तक संकलन गर्ने कार्य भइरहेको छ। साथै नेपालमा उपलब्ध नहुने वा ढिलो आइपुग्ने आवश्यक पुस्तक बाहिरबाट नेपाल आउने चौतारीका शुभेच्छुकहरूलाई आग्रह गरेर ल्याउन भनिन्छ। हाल पुस्तकालयमा नेपालबाट प्रकाशित २३५ सहित जम्मा ३७४ शीर्षकका जर्नल संकलित छन्। यिनमा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभाग, आङ्गिग क्याम्पस, विद्यार्थी समूह, व्यक्ति, निजी तथा सरकारी कार्यालय, अनुसन्धान केन्द्र आदिले प्रकाशन गर्ने जर्नल रहेका छन्। पुस्तक, जर्नलबाहेक मिडियासम्बन्धी अनुसन्धानमूलक लेख र नेपालसम्बन्धी लेखको संकलन गर्ने कार्य पनि भइरहेको छ। यी लेख विभिन्न पुस्तक, जर्नल तथा म्यागेजिनबाट संकलन गरिन्छन्। २०७० पुसदेखि चौतारी पुस्तकालय आफैले उच्च शिक्षाको प्रेस क्लिपिङ्स बनाउन थालेको थियो जुन काम यो वर्ष पनि गरिएको छ। तर २०७१ कात्तिक २५ (11 November 2014) देखि यस्ता क्लिपिङ्स स्क्यान गरेर डिजिटल रूपमा मात्र राख्न थालिएको छ। आवश्यक ठानेका अन्य विषयको पनि लेख तथा प्रकाशन संकलन र व्यवस्थापन गर्दैआएको छ। यिनमा महेशराज पन्त र रमेश ढुंगेलले लेखेका लेख, समाजशास्त्रसम्बन्धी लेख तथा समाचार र वी. पी. कोइरालाबारेका अनुसन्धानमूलक लेख पर्दछन्।

### पत्रपत्रिका/अनलाइन जर्नल

पुस्तकालयमा सङ्ग्रहीत १९ शीर्षकका नेपाली दैनिक अखबारमध्ये १३ नियमित र बाँकी बन्द भइसकेका वा अनियमित रूपले निस्किरहेका छन्। अङ्ग्रेजीका आठ शीर्षकमध्ये पाँच नियमित र तीन ओटा बन्द भइसकेका वा अनियमित रूपले निस्किरहेका छन्। साप्ताहिकतर्फ २८ शीर्षकका अखबार संकलित छन्। नेपाल तथा विदेशबाट निस्केका करिब २८ म्यागेजिन पनि पाठकका लागि उपलब्ध छन्। यहाँ उपलब्ध दैनिक, साप्ताहिक, म्यागजिन र जर्नलको छुट्टाछुट्टै सूची चौतारीको वेबसाइटमा पुस्तकालय सेक्सनभित्र छ।

अनलाइन जर्नल उपलब्ध गराउनेमध्ये नेपालमा ०६६ सालदेखि सञ्चालनमा आएको Nepal Library and Information Consortium (NeLIC) प्रमुख हो । यसै मार्फत चौतारी पुस्तकालयले अनलाइन जर्नल सब्सक्राइब गर्दै आएको छ। NeLIC को सदस्य भएबापत मार्टिन चौतारीले विभिन्न e-resources सदस्यबीच दामासाहीले रकम तिर्ने

व्यवस्था अनुरूप रकम तिरेर प्राप्त गर्दैआएको छ। उपलब्ध अनलाइन जर्नलमध्ये Project MUSE, JSTOR सःशुल्क Subscribe गरिएको छ। यो वर्ष पनि NeLIC को सदस्यता नवीकरण गरेर चौतारीले e-resources हरूको उपलब्धता चौतारी पुस्तकालयमा जारी राखेको छ जसको म्याद २०७२ पुसमा सकिने छ।

अनलाइन क्याटलगमा सुधार तथा परिवर्तन

चौतारी पुस्तकालयको अनलाइन क्याटलगको नयाँ सफ्टवेयर (Win/ISIS to Koha) मा सर्च गर्दा item type मा गलत इन्ट्री भए no item available भन्ने सन्देश आउने गर्दथ्यो। करिव १८ हजार ३ सय डाटामध्ये ११ हजारभन्दा बढी डाटाले सही सन्देश दिन थालेका छन् । अनावश्यक की वर्डस् र बिब्लियोग्राफिक सूचना अनुपयुक्त स्थानमा इन्ट्री गरिएकाले केही गलत सूचना अझै देखिँदैछ। यो आ.व.मा २ हजार २ सय जति डाटा एडिट गरियो। बाँकी ७ हजार १ सय डाटा सुधार गर्न अध्ययन कक्षमा कर्मचारी अभावका कारण लक्ष्य अनुसार काम भएन।

चौतारी पुस्तकालयको क्याटालगको अनलाइन डाटाबेस होष्ट गर्दै आएको हेल्थनेट नेपालको सेवा गुणस्तरिय नभएपछि  विदेशमा सर्भर किनेर नेपालमा अनलाइन सपोर्ट दिने टेक आउट सोलुसन प्रा.लि. काठमाडौंसँग डाटाबेस होस्टिङ्गको सम्झौता गरियो। सो सम्झौताको ६ महिने परीक्षणकाल माघ २०७१ मा समाप्त भयो। सो प्रा.लि.को सेवा चित्त बुझ्दो रहेकाले आ.व. २०७२/७३ का लागि सम्झौता नवीकरण गर्ने निर्णय भइसकेको छ। क्याटलगमा इन्ट्री भएका डाटाको व्याकअप कोहा सफ्टवेयर इन्स्टल भएको एउटा ल्यापटपमा पनि राखिएकोले अनलाइन डाटाबेससम्म पहुँच नहुँदा पनि डाटा एडिट गर्न सकिने अवस्था छ।

अल्पकालीन कर्मचारी/इन्टर्न

सह-अनुसन्धाता शकबहादुर बुढाथोकीले अध्ययन कक्षमा रहेर आफ्नो काम गर्ने साथै पुस्तकालय प्रयोगकर्ताहरूलाई सेवा दिँदैआउनु भएको छ। जर्नल लगायतका सामग्री संकलनमा पनि उहाँले प्रत्यक्ष सहयोग गर्दै आउनुभएको छ। कार्यालय सहायक बुद्ध श्रेष्ठले साताका दुइ दिन आधा समय काम गर्दै आउनुभएको थियो। २०७२ वैशाख १ गतेबाट दलबहादुर श्रेष्ठलाई छ महिनाका लागि अध्ययन कक्षमा काम गर्न नियुक्त गरियो। २०७२ असार अन्तिम हप्तादेखि काठमाडौं विश्वविद्यालय अन्तर्गत भाषा तथा आमसञ्चार विभागमा स्नातक तह चौथो वर्षमा अध्ययनरत प्रकृति के. सी. र अस्मिता दीक्षित चौतारीमा ४ महिने इन्टर्नसिप गर्न आउनुभएको छ। उहाँहरूलाई पुस्तकालय सामग्री स्क्यानिङ गर्ने काममा आउँदो आर्थिक वर्ष सरिक गराउने योजना छ।

स्टक भेरिफिकेसन

मार्टिन चौतारी पुस्तकालयमा यो वर्ष स्टक भेरिफिकेसन गरिएन। तर २०७२ वैशाख १२ गतेको भूकम्पपछि स्टक भेरिफिकेशनसित मिल्दोजुल्दो गरी दराजको सरसफाइ भयो। धमिरा/किराको आक्रमण भए नभएको अनुगमन गर्न पाइयो। नयाँ पुस्तक सेल्भिङ्ग गर्न ठाउँ अभाव देखिएकोमा खाली ठाउँ निकालेर तिनलाई अटाइयो। मिडिया सेक्सन एकैतिर सारियो भने चौतारी संकलनका थेसिस पनि मिडिया संकलनभित्रै व्यवस्थित गरियो। २०६८ सालमा गरिएको उपचारपश्चात् पुस्तकालयमा धमिरा देखिएको छैन।

भूकम्पको क्षति

२०७२ वैशाख १२ को भूकम्पले पुस्तकालयमा विशेष क्षति नभए पनि काम कारबाही भने प्रभावित भयो। पुस्तकालयका ३७ मध्ये २२ ओटा दराज ढल्दा १४,५२० जति पुस्तक, थेसिस, रिपोर्ट आदि सामग्री भुइँमा झरेका थिए। प्रेस क्लिपिङ्स राखिएका दुइमध्ये एक दराज लड्दा ४४ ओटा फाइल भूइँमा खसेका र केहीका फाइल छिन्नभिन्न भएका थिए। ३० ओटा जति पुस्तकका बाइन्डिङ बिग्रिएको र कल नम्बर खुस्किएको थियो। दराज लडेर

पुस्तकालयको प्रिन्टरमा सामान्य क्षति पुगेको थियो। वैशाख १३ देखि १९ गतेसम्म पुस्तकालयको सबै काम बन्द रह्यो। वैशाख २० देखि २५ गतेसम्म पुस्तकालय र चौतारीका अन्य कर्मचारीहरू गरी ३८ जना बराबरको जनशक्ति प्रयोग गरी खसेका/ढलेका पुस्तक/दराजहरू मिलाउने काम गरियो। वैशाख २७ देखि पुस्तकालय सेवा नियमित गर्न सम्भव भयो। भूकम्पपछिका दुइ हप्तामा लेनदेन गरिएन र विलम्ब शुल्क नलिने निर्णय गरियो।

सामग्री डिजिटाइजेशन

पुस्तकालयमा रहेका भौतिक रूपले कमजोर कतिपय सामग्री डिजिटाइजेशन गर्न फोटोकपि मेसिनमा स्क्यानिङ सफ्टवेयर थपियो। सफ्टवेयर थपेपछि उच्च शिक्षाको प्रेस क्लिपिङ्सको डिजिटल प्रति राख्न थालियो भने पुस्तकालयमा रहेका जर्नल पनि क्रमशः स्क्यान गर्न थालिएको छ। संकलनमा रहेका मिडिया बारेका कार्यपत्र, लेख, नेपालसम्बन्धी लेख आदिलाई पनि स्क्यान गर्ने र डिजिटल प्रति तयार गर्न थालिएको छ। यो वर्ष सात ओटा जर्नलका २८ ओटा अंक डिजिटाइज्ड गरियो। त्यस्तै २१६ थान मिडियाका कार्यपत्र र ५२ थान अन्य विभिन्न सामग्रीका डिजिटल प्रति तयार गरियो। कागजको गुणस्तर र तौललगायतका कारण सोचेजति प्रगति भएन। डिजिटाइजेशन गर्दा कतिपय सामग्री अड्कने र मेसिनै मर्मत गर्नुपर्ने अवस्था आइपरेको छ। कम तौलमा प्रकाशित सामग्रीलाई फोटोकपि गरेर मात्र स्क्यान गर्दा सामग्री सुरक्षित हुने देखिन्छ। हाल जर्नल वा संकलित लेख/रचना डिजिटाइजेशनको काम केन्द्रित भए पनि आउँदो आ.व.मा कुनै एक संकलनको पूरै सामग्री डिजिटल बनाउने योजना छ। आगामी वर्षदेखि फोटोकपि माग गर्ने पाठकलाई सशुल्क पिडिएफ सेवा प्रस्ताव गर्ने योजना छ।

बाइन्डिङ

यो आ.व. म्यागेजिन, पुस्तक र अखबार गरी ३ थरी सामग्री बाइन्डिङ गरियो। त्यस्तै, पुस्तकालयमा किनिएका म्यागेजिनको प्रकृतिका आधारमा निश्चित समयको अन्तरमा बाइन्डिङ गर्ने काम निरन्तर रह्यो। पुस्तकालयमा च्यातिने अवस्थामा रहेका वा च्यातिएका कतिपय पुस्तकको पनि बाइन्डिङ गरिएको छ। दैनिक पत्रपत्रिका बाइन्डिङ गर्न अर्डर गरेर आवश्यकता अनुसारको फाइल किन्ने र त्यसैमा पञ्चिङ्ग गर्ने गरिएको छ। पत्रिकालाई प्रत्येक महिनाको एउटा फाइल बनाएर फाइलिङ गर्न थालियो। २०७२ वैशाखदेखि अध्ययन कक्षमा नयाँ कर्मचारी आएकाले पत्रपत्रिका फाइलिङको काम शुरु भएको छ। आगामी दिनमा साप्ताहिक पत्रपत्रिका पनि आवश्यकता अनुसारका फाइल किनेर फाइलिङ गरिनेछ। बिगत वर्ष गर्ने गरिएका जर्नलको बाइन्डिङ नगरी तिनलाई डिजिटाइज्ड गर्ने काम थालियो। यो आ.व. म्यागेजिन र पुस्तक गरी जम्मा १३ थान तथा अखबार ४३ थान फाइलिङ गरियो।

प्रयोगकर्ता

पुस्तकालयमा राखिएको गेट रजिष्टरमा यो आ.व.भित्र ७५१ जनाले आफ्नो नाम दर्ता गरेका छन्। यद्यपि सबैले रजिस्टरमा नाम नलेख्ने हुँदा आगन्तुकको संख्या योभन्दा केही बढी थिए भन्न सकिन्छ। पुस्तकालयले प्रदान गर्ने विभिन्न सेवामध्ये पत्रपत्रिकाका पुराना अंक हेर्ने प्रयोगकर्ताको संख्या मात्र ७८२ छ। त्यस्तै फोटोकपि सेवा लिने ७१२ जना छन्। अध्ययन कक्षमा इन्टरनेट सेवा लिने ४४५ जना भए। गत बर्षदेखि अध्ययन कक्षमा वाइफाइ तथा तारमार्फत इन्टरनेट सुविधा दिन थालेपछि व्यक्तिगत ल्यापटप प्रयोगकर्ता बढेको देखिन्छ। यी सबै तथ्यांकमा चौतारी सदस्य वा कर्मचारीले लिएको सेवा गणना गरिएको छैन। यो आ.व.मा चौतारी कर्मचारी र सदस्यहरूले १,१५३ पुस्तक घर लगेर पढेको पाइयो। तोकेको अवधिभन्दा बढी घरमा पुस्तक राखेबापत उठाइएको विलम्ब शुल्क १,१९० रुपैयाँ पुग्यो। विशेष परिस्थितिमा आग्रह गरिएका सामग्रीको विलम्व शुल्क लिने गरिएको छैन। यो पुस्तकालयमा उपलब्ध सामग्रीबारे जतिसक्दो धैरै जानकारी पाउन् र प्रयोग गरन् भनेर चौतारीले आफ्ना नियमित छलफल तालिकामार्फत अद्यावधिक सूचना दिने काम भइरहेको छ।

अन्य

यो आ.व.मा रमिता महर्जनले शकबहादुर बूढाथोकीसँग मिलेर तयार गरिएका दुइ ओटा सन्दर्भ सूची Bibliography of Nepali scholarship on India र Bibliography of Indian scholarship on Nepal चौतारीको वेबसाइटमा अपलोड भए। प्रयोगकर्ताका लागि पुस्तकालय प्रयोगसम्बन्धी छुट्टै म्यानुअल योगेश राजले तयार गर्नुभयो र असारको सुरुदेखि नै यसको मस्यौदा प्रयोगकर्तालाई वितरण गरियो। २०७१ पुसदेखि चौतारीको वेबसाइटमा पनि यसलाई अपलोड गरिएको छ, जसको लिंक यसप्रकार छः http://martinchautari.org.np/files/LibraryUserManual.pdf ।

## २। अनुसन्धान

### २.१। राजनीतिक प्रवाह-पथः लोकतन्त्र र शासन पद्धति

यो अनुसन्धान एकाइअन्तर्गत समसामयिक राजनीतिक विकासक्रम र खास गरी संविधान निर्माण प्रक्रियालाई नजिकबाट नियाल्ने र सोबारे जानकारी पत्र प्रकाशन गर्ने लक्ष्य राखिएको थियो। यो आ.व.मा दुइटा जानकारी पत्र प्रकाशन गर्ने भनिए पनि दोस्रो संविधानसभामा उपस्थिति र प्रक्रिया केलाइएको एउटा जानकारी पत्र मात्र प्रकाशन हुन सक्यो। दोस्रो जानकारी पत्रमा संविधान निर्माण भैसकेपछि सोमाथि र समग्र संविधान निर्माण प्रक्रियामाथि टिप्पणी गर्ने लक्ष्य राखिए पनि संविधान निर्माण तोकिएको समयमा हुन नसक्दा जानकारी पत्र लेख्ने कार्य प्रभावित रह्यो।

नेपाल सरकारले शान्ति प्रक्रियालाई सम्पन्न गर्ने क्रममा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गरी काम अघि बढाउन लागेको सन्दर्भमा मंसिर २०७१ देखि असार २०७२ सम्म मार्टिन चौतारीले इन्टरनेशनल सेन्टर फर ट्रान्जिशनल जस्टिस (आइसिटिजे) को आर्थिक सहयोगमा 'सत्य' र 'सत्यको खोजी' बारे नेपालका विभिन्न स्थान र समयमा भए-गरेका अभ्याससम्बन्धी अनुसन्धान गरेको थियो। यो अनुसन्धानले नेपालको ऐतिहासिक, सामाजिक-राजनीतिक तथा सांस्कृतिक परिवेशमा यहाँको वर्तमान र भावी सत्य निरुपण अभ्यास (औपचारिक तथा अनौपचारिक दुवै) बारे विस्तृत रूपमा बुझ्न सघाउने विश्वास लिइएको छ।

अध्ययन क्रममा चौतारीका अनुसन्धानकर्ताहरूले आठ जिल्लाका १०५ जना द्वन्द्वपीडित, राजनीतिक दलका सदस्य, नागरिक समाजका प्रतिनिधि, बुद्धिजीवी, पूर्वलडाकू आदिसँग कुराकानी गरी 'सत्य' का सम्बन्धमा उनीहरूको बुझाइ र संस्मरण संकलन गरी केलाउने काम गरे। सुरुमा झापा, कपिलवस्तु, बर्दिया, रुकुम, दैलेख र आछाम गरी छ ओटा जिल्लामा अन्तर्वार्ता गर्ने लक्ष्य लिइए पनि अनुसन्धान क्रममा धनुषा र सुर्खेतका व्यक्तिलाई पनि अनुसन्धानमा समेटिएको थियो। ती अन्तर्वार्तालाई रेकर्ड गरी ट्रान्सक्राइबसमेत गरियो। भूकम्पपछिको अस्तव्यस्तताले परियोजना ढिलो हुन गयो। त्यसैले विश्लेषक सीके लालले नेपालमा राजनीतिक संस्कृति र सत्यबारे लेख्दै गर्नुभएको विचार पत्र र सो विचार पत्र र अनुसन्धेय अन्तर्वार्तामा आधारित भई सत्यबारे एउटा प्रतिवेदन अगामी आ.व.मा तयार गरिनेछ। सो प्रतिवेदनका आधारमा नेपालगञ्ज, पोखरा र विराटनगर गरी तीन ओटा क्षेत्रीय र काठमाडौंमा एउटा राष्ट्रिय स्तरको छलफल कार्यक्रम आयोजना गरिनेछ।

### २.२। ज्ञान उत्पादन र वितरण

#### क। शिक्षा अनुसन्धान

#### क.१। अनुसन्धान र अन्तर्क्रियामार्फत नेपालमा उच्चशिक्षा सुधारबारे सार्वजनिक बहसको प्रवर्द्धन

मार्टिन चौतारीले नेपालको उच्च शिक्षा सुधारबारे सार्वजनिक बहस अगाडि बढाउन ओपन सोसाइटी फाउन्डेशनको सहयोगमा यो परियोजना सञ्चालन गरेको थियो। यो परियोजनाअन्तर्गत चौतारीले नेपालको प्रस्तावित उच्च शिक्षा नीति र छाता ऐनबारे अध्ययन गरी त्यससम्बन्धी सार्वजनिक बहस सञ्चालन गर्ने र ती सबैका आधारमा एउटा नीतिपत्र प्रकाशन गर्ने योजना बनाएको थियो। त्रिविका भूतपूर्व डिन र लुम्बिनी विश्वविद्यालयका पूर्व उपकुलपति त्रिरत्न मानन्धरलाई

प्रस्तावित मस्यौदामाथि टिप्पणी लेख्न आग्रह गरियो। उहाँ नै उपत्यकाबाहिर भएका छलफलमा मुख्य टिप्पणीकर्ताको रूपमा सहभागी हुनुभयो। यो क्रममा विभिन्न सरोकारवालासँग उच्च शिक्षा नीतिमाथि छलफल पनि गरियो। ती सबैबाट प्राप्त सुझाव र प्रस्तावित नीति विश्लेषण गरी जानकारी पत्र प्रकाशित गरियो।

यो परियोजनामा त्रिविलाई टुक्रयाउन विकेन्द्रित उच्चशिक्षातर्फ चालिएका कदम र तिनको असफलता पछाडिका कारण केलाउने र अगाडिको बाटो सुझाउने खाले नीति पत्र प्रकाशन गर्ने लक्ष्य राखिएको थियो। विश्व बैंकको सहयोगमा सञ्चालित पहिलो उच्च शिक्षा परियोजनाअन्तर्गत पोखराको पृथ्वीनारायण क्याम्पसलाई क्षेत्रीय क्लष्टर बनाउने कार्यक्रम थालिएको थियो। यो अवधारणा असफल भएर किन पोखरामै पोखरा विश्वविद्यालय स्थापना हुन पुग्यो भन्ने विषयमा एउटा अनुसन्धानमूलक लेखको खेस्रा तयार भएको छ, जुन सम्भवतः जर्नलमा प्रकाशन गरिनेछ।

त्यस्तै त्रिविअन्तर्गतका केही क्याम्पसलाई विकेन्द्रित र स्वायत्त तुल्याउन भएका प्रयासबारे बुझ्न त्रिविले स्वायत्तता प्रदान गरेको भनिएको इलामस्थित महेन्द्ररत्न क्याम्पसको केस स्टडी गरिएको थियो। त्यसबाहेक त्रिविको अंगबाट बनाइएका नयाँ विश्वविद्यालयहरूको पनि अध्ययन गरिएको थियो। त्रिविसँग आबद्ध क्याम्पसलाई केन्द्रमा राखी सन् २०१० मा स्थापना गरिएका तीन विश्वविद्यालयले संक्रमणकालीन समयमा भोग्नु परेका कठिनाई पनि केलाइयो। यो क्रममा सबै विश्वविद्यालय भ्रमण गरिएको थियो र मध्यपश्चिमाञ्चल विश्वविद्यालयको केस स्टडी गरिएको थियो। त्रिविको समग्र विकेन्द्रीकरणबारे अर्को नीति पत्र प्रकाशोन्मुख छ। त्यस्तै सम्बन्धन पद्धतिको प्रक्रिया र त्यसको प्रभावलाई बुझ्न उच्च शिक्षाको विस्तारमा सम्बन्धन पद्धतिको भूमिका र त्यसको अर्थराजनीतिबारे अनुसन्धान गर्न खोजिएको थियो।

परियोजना कार्यान्वयनको क्रममा निम्न सामग्री प्रकाशित भएका छन् :

उप्रेती, देवेन्द्र, प्रमोद भट्ट र प्रत्यूष वन्त। २०७१। समीक्षामा उच्च शिक्षा नीति। *कान्तिपुर,* २६ असार, पृ. ६।

वन्त, प्रत्यूष। २०७१। सम्पादकलाई चिठी (उच्च शिक्षामा अवस्था शीर्षकमा गोपालप्रसाद पाण्डेको *नागरिक* दैनिकको ६ असोजमा छापिएको लेखमाथि टिप्पणी)। *नागरिक,* ९ असोज, पृ. ६।

उप्रेती, देवेन्द्र। २०७१। विश्वविद्यालयको क्षयीकरण। *अन्नपूर्ण पोष्ट,* १८ कात्तिक, पृ. ६।

Raj, Yogesh and Pratyoush Onta. 2014. Advancing History. *The Kathmandu Post,* 12 November, p. 6.

Uprety, Devendra. 2014. Institutional Failure. *The Kathmandu Post,* 21 November, p. 6.

वन्त, प्रत्यूष र देवेन्द्र उप्रेती। २०७१। सार्वजनिक विश्वविद्यालयका संस्थागत असफलता। *नेपाल,* ७ मंसिर, पृ. १८-९।

Tamang, Seira and Pratyoush Onta. 2014. Keeping Track. *The Kathmandu Post,* 15 December, p. 6.

Uprety, Devendra, Pratyoush Onta and Lokranjan Parajuli. 2015. The Challenges of Rightsizing Tribhuvan University. Published online at http://setopati.net/opinion/6245/

यस्तै, उच्च शिक्षामा सुधारबारे प्रकाशित र अप्रकाशित सामग्रीको एउटा सन्दर्भसूची मार्टिन चौतारीको वेबसाइट - <http://www.martinchautari.org.np/files/BibliographyOfWritingsOnHigherEducationReformsInNepal.pdf> मा उपलब्ध छ। उच्च शिक्षा सुधारसम्बन्धी दुष्प्राप्य सामग्रीलाई मार्टिन चौतारीको वेबसाइटमा राख्ने कार्य भइरहेको छ।

यो परियोजना क्रममा मार्टिन चौतारी परिसरमा र काठमाडौँबाहिर भएका छलफल र बहस कार्यक्रमको सूची यस प्रकार छः पोखरामा ३० जुलाईमा इतिहास विभाग, पृथ्वी नारायण क्याम्पससँगको सहकार्य; विराटनगरमा २० अगस्टमा

इतिहास विभाग, महेन्द्र मोरङ क्याम्पससँगको सहकार्य; विरगन्जमा १ सेप्टेम्बरमा समाजशास्त्र, मानवशास्त्र विभाग, ठाकुरराम क्याम्पससँगको सहकार्य; महेन्द्रनगरमा ३ डिसेम्बरमा समाजशास्त्र विभाग, सुदूरपश्चिमाञ्चल विश्वविद्यालयसँगको सहकार्य; सुर्खेतमा ५ डिसेम्बरमा शान्ति, द्वन्द्व र आमसञ्चार विभाग, मध्यपश्चिमाञ्चल विश्वविद्यालयसँगको सहकार्य।त्रिवि विकेन्द्रीकरण र उच्च शिक्षाबारे यसक्रममा चौतारीको बहस शृंखलामा सात ओटा छलफल कार्यक्रम समाविष्ट भए।

- 1 June, 'Five Decades of My Association with Tribhuvan University: Personal Reflections' by Soorya Lal Amatya, Retired Professor of Geography and Ex-Rector, TU.
- 13 July, 'The Possibility of Forming a Public University in Nepal' by Narendra Koirala, General Secretary, Community Campus Teachers' Association.
- 17 August, 'Reform Initiatives in Higher Education during the 1990s' by Kedar Bhakta Mathema, ex-Vice Chancellor, TU.
- 28 September, 'Open and Distance Learning: Quality Issue for Enhancing Higher Education in Nepal' by Jiwak Raj Bajracharya, International Christian University, Japan.
- 9 November, 'Higher Education in Nepal: Common Issues and Problems' by Dr Mana Prasad Wagle, Professor of Education, Kathmandu University.
- 23 November, 'Teaching Sociology in Higher Education: Two Cases from Outside of Kathmandu' by Birendra Prasad Shah, Department of Sociology and Anthropology, Thakur Ram Multiple Campus, TU and Pirt Bahadur Bista, Department of Sociology, Far-Western University.
- 16 December, 'Higher Education Reforms: Views of the Main Political Parties' by Chandra Bhandari of Nepali Congress, Rabindra Adhikari of Communist Party of Nepal (Unified Marxist Communist) and Agni Sapkota of the Unified Communist Party of Nepal (Maoist).

क.२। नेपाली सार्वजनिक विद्यालयहरूमा सिकाइको स्तर अभिवृद्धि

फाउन्डेशन ओपन सोसाइटी इन्स्टिच्युटको सहयोगमा सञ्चालित यो परियोजनाअन्तर्गत नेपालको सार्वजनिक विद्यालयहरूमा सिकाइको स्तर अभिवृद्धि गर्न सघाउने लक्ष्य राखिएको थियो। लोकतान्त्रिक परिवर्तन भएयता सन्दर्भ अनुकूल शिक्षा प्रणालीमा समसामयिक सुधार गर्न यसबीच आएको एसएलसी अध्ययन प्रतिवेदनलाई समेटेर नेपाल सरकारले २०६३।१०।२५ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप स्वीकृत ग-यो। कक्षा १० का विद्यार्थीहरूले जम्मा आठ ओटा विषय अध्ययन गर्नुपर्ने हुन्छ। तीमध्ये छ ओटा विषय नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन र स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा अनिवार्य र दुइ ओटा विषय ऐच्छिक हुन्। यो परियोजनाअन्तर्गत अनिवार्य विषयको सिकाई र पाठयक्रम समेटिएको छ। आ.व. २०७१/७२ मा सम्पन्न कार्यहरू निम्न बमोजिम छन् :

कक्षा १० का ६ ओटा अनिवार्य विषयसँग सम्बन्धित पाठ्यक्रमको विश्लेषण।

यी विषयसँग सम्बन्धित वि.सं. २०६५ देखि लागू गरिएको विशिष्टीकरण तालिकाको विश्लेषण।

कक्षा १० का ६ ओटा अनिवार्य विषयको पाठ्यपुस्तक विश्लेषण।

विद्यालयतहमा विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित विभिन्न सन्दर्भ साहित्यको समीक्षा गरी थालिएको यो परियोजनाअन्तर्गत मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत वि.सं. २०६५-२०७१ सम्मका एसएलसीका प्रश्नपत्रको विश्लेषण गर्ने र बेन्जामिन ब्लुम्सको वर्गीकरणअनुसार प्रत्येक प्रश्नको संज्ञानात्मक तह छुट्ट्याउने काम सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन तयार गरिसकिएको छ। प्रश्नपत्रलाई मात्रै आधार बनाएर र प्रश्नपत्रलाई पाठ्यपुस्तकसँग तुलना गरेर दुइ तरिकाले संज्ञानात्मक तह छुट्ट्याइएको हो। यिनै प्रश्नपत्रलाई पाठ्यपुस्तकसँग तुलना गरी पाठ्यपुस्तक र प्रश्नपत्रबीच सामञ्जस्यताको परीक्षण गरिने छ। त्यस्तै यी प्रश्नपत्रमा रहेको पुनरुक्ति पनि जाँचिने योजना छ। यो परियोजनाअन्तर्गत गरिएका कार्यको प्रतिफल स्वरूप एक प्रतिवेदनको लेखन कार्य आगामी आ.व.मा गरिने छ।

क.३। नेपालको शिक्षामा सार्वजनिक वित्त प्रवाहका विविध आयामबारे अध्ययन

डानिडा फेलोसिप सेन्टरको सहयोगमा डेनमार्कस्थित आहुस विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयको सहकार्यमा मार्टिन चौतारीको यो परियोजना पाँच वर्षसम्म (आ.व. २०७१/७२ देखि २०७६/७७) का लागि यसै आर्थिक वर्षको दोस्रो त्रैमासिकमा स्वीकृत भएको हो। यो परियोजनाअन्तर्गत यो आ.व.मा सम्पन्न गरिएका कार्यहरू निम्न बमोजिम छन् :

विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रीय संघ संस्थाले नेपालको शिक्षा तथा वित्तिय व्यवस्थाबारे गरेका अध्ययन प्रतिवेदन, शिक्षासम्बन्धी ऐन नियम, किताब, लेखहरूको समीक्षा भइरहेको छ; यस परियोजनाअन्तर्गत गर्न लागिएको सर्वेक्षणका लागि सर्वेक्षण ढाँचा तयार भएको छ; यो परियोजनाअन्तर्गत एक जनालाई पोष्ट डक्टरेट र चार जनालाई विद्यावारिधिका लागि फेलोसिपको व्यवस्था गरिएको छ जसका लागि मार्टिन चौतारिको वेबसाइट र सूचना पाटी, र डेनमार्कस्थित आहुस विश्वविद्यालयको वेवसाइटमा विज्ञापन गरिसकिएको छ।

ख। मिडिया अनुसन्धान शाखा

गत आ.व.को वैशाख २०७१ देखि चौतारीले फोर्ड फाउन्डेसनको सहयोगमा इन्टरनेटको पहुँच र प्रयोगसम्बन्धी दुइ-वर्षे परियोजना ("Connected Futures: Framing Interventions to Universal Connectivity in Nepal", छोटकरीमा सर्व-संयोजकता वा युनिभर्सल कनेक्टिभिटी) थालेको थियो। यो अनुसन्धान परियोजनामा नेपाल इन्जिनियरिङ कलेजस्थित सेन्टर फर रिर्सच इन सोसल डिफेन्स टेक्नोलोजी (सिआरएसडिटी/नेक) साझेदारको रूपमा रहेको छ। यो परियोजनाअन्तर्गत निम्नलिखित प्रकाशन, अनुसन्धान, छलफल/सेमिनारसम्बन्धी काम भएका छन्

प्रकाशन

यो आ.व.मा सर्व-संयोजकतासम्बन्धी दुइ ओटा शोध-संक्षेप नेपाली र अंग्रेजी संस्करणमा प्रकाशित भए। तीमध्ये सर्व-संयोजकतासम्बन्धी संवैधानिक, कानुनी, नीतिगत प्रावधान, योजना र तिनको कार्यान्वयनको समीक्षा-सार पहिलो हो (शोध-संक्षेप नं. १२)। कुल ८ पृष्ठको यो संक्षेप अंग्रेजीमा १ हजार र नेपालीमा १५ सय प्रति छापिएको थियो। यसको इलेक्ट्रोनिक संस्करण चौतारीको वेबसाइट http://www.martinchautari.org.np/files/ResearchBrief12-UniversalConnectivityInNepal_APolicyReview.pdf मा पनि अपलोड गरिएको छ। दोस्रो, नेपालमा सर्व-संयोजकताका सरोकारवालाहरू शीर्षकको शोध-संक्षेप (नं. १५) मा नेपालमा इन्टरनेट प्रविधिको प्रयोग र पहुँचको विस्तारका निम्ति प्रयत्नरत सरोकारवालासँग चौतारीले गरेको छलफलको विश्लेषण गरिएको छ। यसमा सरकारी अधिकारी, निजी तथा सार्वजनिक टेलिफोन सेवाप्रदायक, निजी इन्टरनेट सेवाप्रदायक, सूचनाप्रविधिसँग सम्बन्धित कलेज, र आइटी व्यवसायमा लागेका २० जनासँग अन्तर्वार्ता तथा सामूहिक छलफलबाट प्राप्त निष्कर्ष समेटिएको छ। नेपाली र अंग्रेजी गरी दुइ संस्करण दुवै शोध-संक्षेप १२-१२ पेजका र एक-एक हजार प्रति छापिएका छन्। यसको इलेक्ट्रोनिक संस्करण चौतारीको वेबसाइट http://www.martinchautari.org.np/files/ResearchBrief15 StakeholdersFor UniversalConnectivityInNepal.00pdf मा पनि अपलोड गरिएको छ ।

यो आ.व.मा *मिडिया अध्ययन* जर्नलको दशौं अंक प्रकाशनका लागि काम भइरहेको छ। अधिकांश लेखको अन्तिम मस्यौदा लेखकहरूबाट प्राप्त भइसकेर सम्पादन गर्रिदैछ भने केही लेखका अन्तिम मस्यौदा आउन बाँकी छन्। आउँदो आ.व.को सुरुमै यो अंक छपाइका लागि प्रकाशकलाई हस्तान्तरण गरिने छ।

अनुसन्धान

यो परियोजनाअन्तर्गत इन्टरनेटसम्बन्धी प्रकाशित/अप्रकाशित सामग्री खोजी तिनको विस्तृत सन्दर्भ-सूची बनाउने कार्य गत आ.व. सम्पन्न भई चौतारीको वेबसाइटमा अपलोड गरिसकिएको छ। कुल १२ पेजमा झन्डै २०० प्रविष्टि रहेको यो सूची चौतारीको वेबपेज http://www.martinchautari.org.np/ files/Writings_on_the_Internet_in_Nepal_A_Bibliography.pdf मा अपलोड गरिएको छ। यसले म्यागेजिन, शोधपत्र, पुस्तक, प्रकाशित तथा अप्रकाशित रिपोर्ट,

नीति अध्ययन, कानुनी तथा संवैधानिक दस्तावेजलाई समेटेको छ। यसलाई अध्यावधिक गर्ने कार्य २०७२ असारमा थालिएको छ भने आगामी आ.व.को सुरुमै थप सामग्रीसहित परिष्कृत सूची अपलोड गरिनेछ। परियोजनाअन्तर्गत इन्टरनेटसम्बन्धी नीति र योजनाहरूको समीक्षा तथा इन्टरनेटका सरोकारवालाहरूले इन्टरनेटको प्रसारमा खेलेको भूमिकासम्बन्धी दुई ओटा अनुसन्धान सम्पन्न गरियो। यिनै अनुसन्धानको प्रतिफल उल्लिखित दुइ शोध-संक्षेप हुन्।

यसै सिलसिलामा स्थानीय क्षेत्रमा इन्टरनेटको पहुँच र प्रयोगका विषयमा नेपालका विभिन्न पाँच स्थानलाई समेटेर अर्को अनुसन्धान-सर्वेक्षण गरिएको थियो। यो गतिविधि परियोजनाको सबैभन्दा मुख्य गतिविधि हो। यो अध्ययनको उद्देश्य मुख्य गरी ती स्थानमा इन्टरनेटको पहुँच, पूर्वाधारको अवस्था तथा ग्रामीण र शहरी क्षेत्रमा प्रयोगको स्थिति पहिल्याउनु हो। अध्ययनलाई सहज तुल्याउन मार्टिन चौतारीले सम्बन्धित ठाउँमा सक्रिय चार ओटा स्थानीय संस्थालाई साझेदारको रूपमा छनोट गरी मिलेर काम गरेको थियो (संलग्न तालिका १ हेर्नुस्)। साझेदारले चौतारीका अनुसन्धानकर्ताहरूको बसोवासको व्यवस्था, तिनको सुरक्षा तथा स्थानीय क्षेत्रमा सर्वेक्षण अनुसन्धानका लागि आवश्यक वातावरण मिलाइदिन सहयोग गरेका थिए।

तालिका १ः सर्व-संयोजकता परियोजनाको अनुसन्धान क्षेत्र र साझेदार संस्था

| क्रसं | अनुसन्धान क्षेत्र | जिल्ला | गाविस/नपा | वडा | स्थानीय साझेदार | विशेषता |
|---|---|---|---|---|---|---|
| १ | ताडतिङ | कास्की | नामर्जुङ | १,२,३,४,५ | हिमालय मिलन मावि (सन् १९५६) | एकै खालको सांस्कृतिक विशेषता भएको र गुरुङ बाहुल्य क्षेत्र, टेलिफोन सेवा भएको हिमाली गाउँ |
| २ | चाँगुनारायण | भक्तपुर | चाँगुनारायण | ३ र ५ | प्रगतिशील महिला समूह (सन् २०११)_ | काठमाडौंबाट पूर्वमा पर्ने टेलिकम सुविधा जातीय र आर्थिक रूपमा मिश्रित ठाउँ |
| ३ | भलाँचे | काभ्रेपलाञ्चोक | पनौती | ६ | नसन्चा पुचः (सन् १९८७) | नेवार बाहुल्य ठाउँ |
| ४ | छत्रेबाँझ | काभ्रेपलाञ्चोक | दाप्चा | ७,८र९ | नसन्चा पुचः (सन् १९८७) | नेवार र तामाङ समुदाय बाहुल्य रहेको ग्रामीण क्षेत्र |
| ५ | मनोहरा | भक्तपुर र काठमाडौंको सीमाना | मध्यपुर ठिमी | १६ | मनोहरा टोल सुधार समिति (अनौपचारिक किसिमको साझेदारी) | नेपालकै सबभन्दा ठूलो (करिब ७०० परिवार रहेको) सुकुम्बासी बस्ती । तीव्र राजनीतिक गतिविधि भएको क्षेत्र । |

त्यस्तै, मिडिया अनुसन्धान समूहका अनुसन्धाताहरूले यो आ.व.मा पाँच ओटा विषय/शीर्षकमा अनुसन्धान पत्र तयार पारेका थिए।

१। महर्जन, हर्षमान र योगेश राज। नेपालमा सर्व-संयोजकतासम्बन्धी नीतिको समीक्षात्मक टिप्पणी। यो लेख *मिडिया अध्ययन* जर्नल, अंक १० मा छापिँदैछ।

२। Pandey, Shailesh and Nischal Regmi. An Insight into ICT's Energy Consumption and its Implications. यो लेख Annual Kathmandu Conference on Nepal and the Himalaya 2015, 22-24 July मा प्रस्तुत गरियो।

३। पन्थी, अर्जुन। 'विश्व-स्थानीय' गाउँः हिमाली क्षेत्र ताङतिङमा इन्टरनेटले ल्याएको सामाजिक परिवर्तन। यो लेख छैटौं मिडिया अनुसन्धान सम्मेलनमा प्रस्तुत गरिएको थियो। यसको परिमार्जित रूप मिडिया अध्ययनको आगामी अंकमा एउटा लेख र छुट्टै शोध संक्षेपको निम्ति तयार गरिनेछ।

४। BK, Prakash. The Impact of Information Communication Technologies on the Different Aspect of Human Activities: A Case Study of Changu Village. यो चाँगुनारायण गाविसमा गरिएको स्थलगत अनुसन्धानको प्रतिवेदन हो। यसलाई आगामी वर्ष प्रकाशन हुने जर्नल लेख तथा शोध संक्षेपको सामग्रीका रूपमा उपयोग गरिने छ।

५। शिल्पकार, शुभराज। पनौती र दाप्चाली समाजमा इन्टरनेट। यो लेख पनि पनौती र दाप्चा गाविसमा गरिएको स्थलगत अनुसन्धानको प्रतिवेदन हो। यसलाई आगामी वर्ष प्रकाशन हुने जर्नल लेख तथा शोध संक्षेपको सामग्रीको रूपमा परिमार्जन गरिँदैछ।

६। Maharjan. Harshaman. Rise and fall of High Level Information Technology Commission in Nepal. यो लेख Annual Kathmandu Conference on Nepal and the Himalaya 2015, 22-24 July मा प्रस्तुत गरियो।

छलफल, सेमिनार, कार्यशाला र सम्मेलन

चौतारीले मिडियासम्बन्धी बिहीबारे नियमित छलफल श्रृंखला जुलाई २०१३ देखि बन्द गरे पनि आइतबारे र मंगलबारे छलफल श्रृंखलामा नेपाली मिडियाका विभिन्न पक्षबारे छलफल चलाईरहेकै छ। त्यस्तै, इन्टरनेटसम्बन्धी विभिन्न सवालमा छलफल गर्ने उद्देश्यले गत आ.व.देखि नै युनिभर्सल कनेक्टिभिटी (सर्व-संयोजकता) छलफल शृंखला (शुक्रबार) सञ्चालन गरिएको थियो। यो आ.व.देखि शुक्रबारको सट्टा यसलाई पनि आइतबारे र मंगलबारे छलफलमा नै मिसाइएको छ। सर्व-संयोजकतासम्बन्धी यो आ.व.मा पाँच ओटा छलफल भए (हेर्नुहोस् अनुसूची १)। त्यसै गरी विशेष कार्यक्रमअन्तर्गत दुई ओटा कार्यशाला, दुई ओटा निबन्ध प्रतियोगिता तथा एउटा अनुसन्धान सम्मेलन पनि यो आ.व.मा आयोजना गरिए :

तालिका २ मिडिया अनुसन्धान समूहअन्तर्गत यस आ.व.मा भएका विशेष कार्यक्रमको विवरण

| क्र.सं. | **कार्यक्रमको नाम** | **मिति** | **सहकार्य/वक्ता** | **सहभागी संख्या** | **उद्देश्य** |
|---|---|---|---|---|---|
| १ | अनुसन्धान विधि कार्यशाला | १-३ मंसिर २०७१ | सिएसआरडिटी/ नेक र उल्लेखित ३ स्थानीय साझेदार संस्था | २३ (८ महिला सहित)_ | अनुसन्धाता तथा सर्भेयरलाई विभिन्न अनुसन्धान विधि र प्रक्रियाबारे जानकारी दिन |
| २ | निबन्ध प्रतियोगिता- पनौती | २८ भदौ २०७१ | सिएसआरडिटी/ नेक र स्थानीय साझेदार संस्था | स्कूलका शिक्षक तथा विद्यार्थी | कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूले वाचन गरेको कार्यक्रममा ३ उत्कृष्ट निबन्ध पुरस्कृत गरिएको थियो । प्रतियोगिताको विषय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | इन्टरनेटको पहुँच र प्रयागबारे थियो । |
| ३ | निबन्ध प्रतियोगिता-चाँगुनारायण | ३ असोज २०७१ | सिएसआरडिटी/ नेक र स्थानीय साझेदार संस्था | स्कूलका शिक्षक तथा विद्यार्थी | कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूले वाचन गरेको कार्यक्रममा ३ उत्कृष्ट निबन्ध पुरस्कृत गरिएको थियो । प्रतियोगिताको विषय इन्टरनेटको पहुँच र प्रयागबारे थियो । |
| ४ | A consultative workshop on state and Dynamics of Internet Connectivity in Nepal | ८ फागुन २०७१ | मार्टिन चौतारी र सिएसआरडिटी/नेक<br>शैलेशबहादुर पाण्डेऽ अर्जुन पन्थी र निश्चल रेग्मी | ३३ (९ महिला सहित)_ | ८ फागुन २०७१ सर्व-संयोजकताका मुख्य सरोकारवालाहरूसँग गरिएको कुराकानीबाट प्राप्त नतिजालाई उनीहरूकै माझ सुझावका लागि प्रस्तुत गरिएको । |

विगत वर्षहरूमाझैं मार्टिन चौतारीले २०७२ वैशाख ६ गते ललितपुरको हात्तिवनमा मिडिया अनुसन्धान सम्मेलन-६ आयोजना ग-यो। पहिलो र दोस्रो मिडिया अनुसन्धान सम्मेलन चौतारी एक्लैले गरेकामा त्यसपछि काठमाडौं विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभागसँग सहकार्य गरी सम्मेलन आयोजना गरिँदै आएको हो। यसका लागि अनुसन्धानको सारसहितको आवेदन आह्वान गर्दा जम्मा ७ जनाको आवेदन परेको थियो। तोकिएको अवधिसम्म २ जनाले अनुसन्धानपत्रको पूर्णपाठ पठाएनन्। अनुसन्धानपत्रको कमी र कमजोर गुणस्तरलाई हेरी चौतारी र काठमाडौं विश्वविद्यालयबाट अनुसन्धानपत्र थप्ने कुरा चल्यो। समयसीमापछि प्राप्त भएको इन्द्रध्वज क्षेत्रीको अनुसन्धानपत्र पनि समावेश गरियो। तर विश्वविद्यालयबाट कुनै अनुसन्धानपत्र प्राप्त नभएपछि चौतारीतर्फबाट अर्जुन पन्थीले आफ्नो स्थलगत अनुसन्धानका आधारमा आलेख प्रस्तुत गरे (हेर्नुहोस् अनुसूची ५)। सातै ओटा कार्यपत्र छुट्टाछुट्टै टिप्पणीकर्ताको व्यवस्था थियो। सम्मेलनलाई तीनओटा सत्रमा बाँडिएको थियो। अन्तिम सत्रमा "नेपालको सञ्चार नीतिः मौजुदा मस्यौदामाथि बहस" शीर्षकमा प्यानल छलफल गरिएको थियो। चौतारी एक्लैले सम्मेलन आयोजना गर्नुभन्दा काठमाडौं विश्वविद्यालयसँग सहकार्य गर्दा कार्यक्रमको पहुँच र प्रभाव केही फराकिलो भएको तथा कार्यबोझ बाँडिएको मूल्यांकन पहिले थियो। छैटौं सम्मेलनमा भने यी दुवै कुरा अनुभव नभएको देखियो। सम्मेलनको व्यवस्थापनमा पनि केही कमजोरी देखिएको थियो।

ग।भौतिक रूपान्तरण

ग.१।क्रमभङ्ग अनुसन्धानः विपद् व्यवस्थापन र सम्भार

२०७२ वैशाख १२ को विनाशकारी भूकम्पले सबैलाई स्तब्ध बनायो। धेरै जनधनको क्षति भयो। यही पृष्ठभूमिमा मार्टिन चौतारीले विनाशकारी भूकम्पबाट प्रभावग्रस्त क्षेत्रमा उद्धार, राहत र पुनःस्थापना कार्यलाई सहज र प्रभावकारी बनाउने उद्देश्यसहित सामाजिक मूल्यांकन कार्य गर्ने निधो ग-यो। भूकम्पपछिको वस्तुस्थिति सहज बनाउन लागिपरेका

आन्तरिक र बाह्य प्रयासलाई बुझ्न दुइ अन्योन्याश्रित पक्षलाई मसिनोसँग ध्यान दिनुपर्ने थियो। एकातर्फ उद्धार, राहत र पुनःस्थापनाका प्रयासलाई सघाउन जरुरी थियो। यो अझै आवश्यक छ। अर्कोतर्फ यी जम्मै प्रयासहरू कसरी भइरहेका छन् त्यसमाथि मसिनो निगरानी राख्न जरुरी थियो र यो झन् टड्कारो देखिँदैछ।

चौतारीले सामाजिक मूल्यांकन कार्यको थालनी उपत्यकाको तीन अति प्रभावित क्षेत्रबाट ग-योः भक्तपुरको जेंला, काठमाडौंको गोंगँबु र ललितपुरको लेले। यस कार्यमा चौतारीले गल्लीगल्ली, एक्टफरक्वेक र बुकाहोलिक्ससँग सहकार्य ग-यो। अध्ययन गर्ने प्रारम्भिक खर्चका लागि चौतारीका इच्छुक सहकर्मीले आफ्नो तलबबाट एउटा कोषको निर्माण गरे। यही कोषमा माथि उल्लिखित संस्थालगायत अन्य व्यक्ति र संघसंस्थाबाट आर्थिक सहयोग प्राप्त भयो। संस्थागत सहयोगबाहेक करिब ७२ जना स्वयंसेवीले यस कार्यमा हामीलाई साथ दिए। प्रारम्भिक काम गर्न स्वयंसेवीको योगदान महत्वपूर्ण रह्यो। यो आ.व.मा क्रमभङ्ग अनुसन्धानअन्तर्गतको विपद् व्यवस्थापन र सम्भारको सामाजिक मूल्यांकन परियोजनाअन्तर्गत निम्न कार्य भए :

जेंला, गोगंबु र लेलेमा १२ देखि २२ जनासम्मको टोलीले स्थानीय आवश्यकता हेरी कम्तिमा ७ दिनदेखि बढीमा १५ दिनसम्मको प्रारम्भिक स्थलगत अध्ययन गरे। यी तीन ठाउँमा केही दिनको अन्तरालमा अध्ययन प्रारम्भ भयो। पहिलो चरणको अध्ययनको आधारमा बढीमा ७ दिनसम्मको लागि दोस्रो चरणको पूरक अध्ययन गरियो। स्थानीय क्षेत्रमा गरिएको अध्ययनलाई टेवा पु-याउन विभिन्न विषयमा थप २६ जना स्वयंसेवीले कम्तिमा १४ दिनदेखि बढीबाट २८ दिनसम्म अध्ययन गरे। यी अध्ययनको आधारमा सामाजिक मूल्यांकन प्रारम्भिक प्रतिवेदन लेख्ने कार्य भइरहेको छ। उक्त प्रतिवेदनलाई ६ भदौ २०७२ मा चौतारीको नियमित छलफल श्रृंखलामार्फत प्रस्तुत गरियो। आगामी आ.व.को शुरुमा त्यसलाई प्रकाशित गरिनेछ।

ग.२। नेपाल-भारतबीच प्राज्ञिक र नीतिगत अनुसन्धान आदानप्रदान प्रवर्द्धन

यो परियोजना बिपि कोइराला नेपाल-भारत फाउन्डेशनको सहयोगमा सञ्चालित छ। प्राज्ञिक र नीतिगत अनुसन्धानमा संलग्न नेपाल र भारतका विशेषज्ञ र शोधार्थीहरूको र तिनीहरूबाट उत्पादित ज्ञानको आदानप्रदानका विद्यमान बाटो अझ फराकिलो पार्दै लैजाने उद्देश्यले यो परियोजना सुरु गरिएको हो। २०७१ असोजदेखि २०७२ असारको नौ महिने अवधिमा चल्ने भनिएको यो परियोजना पूर्वनिर्धारित समयभन्दा केही पर धकेलिएको छ। २०७२ वैशाख १२ को भुकम्प र वैशाख २९ को अर्को ठूलो पराकम्पले यो परियोजनाको अन्ततिर हुने भनिएको बृहत् सम्मेलनको तयारीलाई अस्तव्यस्त पा-यो। खास गरेर सो सम्मेलनमा बृहत् छलफलका निम्ति प्रस्तुत हुने ६ ओटा कार्यपत्र लेख्ने जिम्मा लिएका अनुसन्धाताहरूले निर्धारित मितिमा फेरबदल गर्न अनुरोध गरेपछि सम्मेलनको मिति सो फाउन्डेशनसँग छलफल गरी पर सारिएको हो। अब यो सम्मेलन आगामी आ.व.को सेप्टेम्बरमा तोकिएको छ। यद्यपि एक जना अनुसन्धाताले व्यक्तिगत कारण दर्शाई कार्यपत्र लेख्न नसक्ने जानकारी दिएका छन् । परियोजनाको सफल सञ्चालनमा फाउन्डेशनतर्फबाट चौतारीले अपेक्षा गरे अनुसारको द्रुत र प्रभावकारी संवाद विनिमयमा पनि समस्या देखिँदैछ। परियोजनाको गुणस्तरीय परिणामलाई सुनिश्चित गर्न गठित परियोजना परामर्श समितिको बैठक पनि विविध कारणले बस्न सकिरहेको छैन। यद्यपि धेरै गतिविधि पूर्ण र केही गतिविधि आंशिक रूपमा सम्पन्न भइसकेका छन्।

परियोजनाअन्तर्गत निर्धारित गतिविधिहरूमध्ये गम्भीर प्राज्ञिक विचार, क्रियाकलाप र शोधार्थीहरूको आदानप्रदान प्रवर्द्धनको उद्देश्य राखी निम्न कार्य सम्पन्न भएका छन् :

(अ) विगत ७० वर्षमा नेपाली अनुसन्धाताहरूले गरेका भारतसँग सम्बन्धित प्राज्ञिक उत्पादनको बृहत् सन्दर्भ-सूची निर्माण गर्ने,

(आ) सोही अवधिमा भारतीय अनुसन्धाताहरूले नेपाल विषयमा गरेका प्राज्ञिक उत्पादनको बृहत् सन्दर्भ-सूची निर्माण गर्ने,

(इ) यी दुइ सन्दर्भसूचीका आधारमा चौतारीले तयार गरेको प्रारम्भिक समीक्षाउपर छलफल गर्न काठमाडौंमा कार्यशाला सञ्चालन गर्ने,
(ई) नेपालको पूर्वाधार विकासमा भारतीय सहयोगबारे बृहत् सन्दर्भ-सूची निर्माण गर्ने,
(उ) भारतको सहयोगमा सञ्चालित त्रिभुवन राजपथ र कोशी बाँधसँग सम्बन्धित अभिलेखको अध्ययन, र
(ऊ) यी दुई परियोजनामा संलग्न नेपाली योजनाविद्, प्राविधिक विशेषज्ञ, अरू तहमा बसी काम गरेका स्थानीय मानिस र परियोजना-प्रभावितहरूसँगको मौखिक इतिहास लेख्न स्थलगत सर्वेक्षण-भ्रमण र अनुसन्धान गर्ने।
साथै, निम्न किसिमका कामहरू भने आंशिक सम्पन्न भएका छन्:
(क) काठमाडौंको कार्यशालामा उठेका बूँदाका आधारमा छ ओटा अनुसन्धान पत्र लेखाउने,
(ख) माथि (अ), (आ) र (उ) मा वर्णित सन्दर्भ-सूचीको विश्लेषण गर्ने,
(ग) नेपाल-भारतका प्राज्ञिक र नीति अनुसन्धाताहरू समेट्ने एउटा इमेल फोरम बनाउने, र
(घ) उल्लेखित दुई ठूला परियोजना (त्रिभुवन राजपथ र कोशी बाँध) सँग सम्बन्धित नेपाल र भारतका अभिलेखालयमा उपलब्ध सामग्रीको अध्ययन गर्ने काम कुनै आंशिक रूपले सम्पन्न भएका र कुनै योजनाअनुसार सम्पन्न हुने अवस्थामा छन्।
यीमध्ये उल्लेखित सन्दर्भ-सूची मार्टिन चौतारीको वेबसाइटको निम्न लिंकमा उपलब्ध छन् :
a) http://www.martinchautari.org.np/files/BibliographyOfNepaliScholarshipOnIndia_15March2015.pdf; b) http://www.martinchautari.org.np/files/BibliographyOfIndianScholarshipOnNepal15March2015.pdf; and c) http://www.martinchautari.org.np/files/ABibliographyOfIndianContributionToTheInfrastructureDevelopmentInNepal.pdf । यीबाहेक अरू गतिविधिका परिणाम पनि क्रमश उपयुक्त माध्यमबाट सार्वजनिक हुँदै जाने छन् ।

